त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
पक्लिहवा क्याम्पस, भैरहवा, नेपाल ।

## दरभाउ पत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७६।०१।१६

यस पक्लिहवा क्याम्पसमा संचालित कृषि स्नातक कार्यक्रमको निम्ति टिष्युकल्चरको बैज्ञानिक अध्ययन तथा अनुसन्धान गर्न एक ग्रीन हाउस निर्माण आवश्यक परेको हुंदा इच्छुक रजिष्टर्ड फर्म वा सप्लायर्सहरुबाट रितपूर्वकको सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ। दरभाउपत्र दाताले दरभाउपत्र साथ कार्यरत वा कारोवार सम्बन्धि कागजातहरुका प्रतिलिपी पेश गर्नु पर्नेछ ।

**शर्तहरु :**

१। दरभाउपत्र रु १,०००।- दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रसिद साथ नविकरण भएको इजाजत पत्र मु. अ. कर दर्ता प्रमाण पत्र र आ. व. २०७४।०७५ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समयसम्म लेखा शाखाबाट दरभाउपत्र फारम खरिद गर्न सकिन्छ ।

२। यस कार्यालयबाट खरिद गरेको दरभाउपत्र फारम नियम अनुसार भरी सिलवन्दी गरी खामको बाहिर कामको विवरण दरभाउपत्र-दाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी १६ औं दिन दिनको १२ :०० बजेसम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका दरभाउपत्र सोही दिनको २ :०० बजे दरभाउपत्रदाता स्वंय वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिने छ। दरभाउपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि दरभाउपत्र खोल्ने कार्य गर्न बाधा पर्ने छैन ।

३। सिलवन्दी दरभाउपत्र आफुले यस कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड, भैरहवा चल्ती हि. नं. ०११००१००४१७७५५००००००१ मा रु ३७,७००।- जमानत वापतको नगद रकम जम्मा गरेको सक्कल बैंक भाउचर वा यस कार्यालयको नाममा जारी भएको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिन म्याद भएको वाणिज्य बैंकबाट जारी भएको बैंक ग्यारन्टी पत्र (विडवण्ड) संलग्न हुनु पर्नेछ ।

४। सिलवन्दी दरभाउपत्र शर्त रहित, प्रत्येक आईटममा केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराइएको डकुमेन्टमा कुनै थप घट वा द्रष्टव्य नलेखिएको हुनु पर्नेछ। दररेट सच्याउनु पर्ने भएमा सच्याईएको ठांउमा दस्तखत भएको हुनु पर्नेछ समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुने छैन ।

५। दरभाउपत्र को मान्य अवधि ४५ (पैतालिस) दिन हुनेछ ।

६। नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नु पर्ने सबै प्रकारका करहरु दर रेटमा समावेश भएको मानिने छ ।

७। दरभाउपत्र दाताले कामको सम्बन्धमा राम्ररी बुझी सिलवन्दी दरभाउपत्र भरेको मानिने छ। दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सोको भोलिपल्ट दर्ता गर्न सकिने छ ।

८। सिलवन्दी दरभाउपत्र को डकुमेन्ट स्पेसीफिकेशन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनैपनि बेला सच्याउन बाधा पर्ने छैन ।

९ प्राप्त सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०। सिलवन्दी दरभाउपत्र मा नियमानुसार लाग्ने भ्याट समेतको दर रेट अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

११। ग्रिन हाउस निर्माणका लागि बाली उत्पादन र सिभिल इन्जिनियरिङ्ग सम्बन्धि ज्ञानको आवश्यकता पर्दछ। त्यसकारण प्रस्ताव पेश गर्ने सम्बन्धि कम्पनीले विगतमा यस्तैखालका ग्रिन हाउसको निर्माण गरेको प्रमाण पेश गर्नुपर्नेछ। साथै, माथि दिइएको स्पेसिफिकेशनको आधारमा उपयुक्त डिजाइनको नक्सा समेत पेश गर्नुपर्नेछ ।

**तपसिल**

| सि. नं. | कामको विवरण | लागत अनुमान भ्याट समेत |
|---|---|---|
| १ | ग्रीन हाउस निर्माण (तन्तु प्रजनन् तथा वागवानी सम्बन्धि अध्ययन तथा अनुसन्धान सम्बन्धि कार्य गर्न ।) | १३००४५८।- |

क्याम्पस प्रमुख
कृषि र पशु विज्ञान अध्ययन संस्थान
पक्लिहवा क्याम्पस

Scanned with CamScanner